# संयुक्त नेपाली मोर्चा
# युरोप

## प्रेस वक्तव्य

### नागरिक सर्वोच्चता कायम गरौ,राष्ट्रियताको संरक्षण गरौं

नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भैसके पछि विगतमा भएका दुइ देश विचका असमान सन्धिहरुलाई खारेज गर्दै राजनैतिक परिवर्तनको आधारमा नयां सम्झौताहरु गरिनु पर्नेमा झन उल्टो आफनो विस्तारवादी हस्तक्षेपलाई वढाउदै दा ंको भैसाही नाका देखि कोईलाबास नाकासम्म, बाराका विभिन्न क्षेत्रहरुमा भइरहेको सिमा अतिक्रमण, सिमा क्षेत्रका नेपालीहरु माथि गरेको आक्रमण  र दुर्वव्यवहार, आगजनी, अपहरण, लगायत नेपाली चेलीबेटीहरु माथिको आक्रमणप्रति संयुक्त नेपाली मोर्चा, यूरोप घोर निन्दा तथा भर्त्सना गर्दछ ।

भारतिय विस्तारवादले पहिला देखि नै नेपालको दार्चुलाको कालापानी, नवलपरासीको सुस्ता, झापा, पर्सा, इलाम, लगायतका जिल्लाहरुमा गरेको ना ो हस्तक्षेप र सिमा अतिक्रमणले नेपाल र नेपालीहरु आतंकित र आक्रोसित बनिरहेका छन् । यस अवस्थामा अतिक्रमणको विरुद्ध र राष्ट्रियताको पक्षमा राष्ट्रिय तथा अन्तराष्ट्रिय रुपमै संघर्ष गर्नुपर्ने भएको छ ।

साम्राज्यवादी र विस्तारवादीहरुको निर्देशनमा नागरिक सर्बोच्चतालाई कुल्चदै सैनिक सर्वोच्चता स्थापित गर्न प्रयासरत कटुवाल  वर्तमान कठपुतली नेपाल सरकार र यसका परराष्ट्रमन्त्रीले सुदकै बोलीमा लोली मिलाइरहेकोले वर्तमान मरणशिल सरकारबाट नयां संविधान निर्माण, राष्ट्रियताको रक्षा संभव नभएको हाम्रो मोर्चाको ठहर छ।

यही मार्चमा हाम्रो यस मोर्चाले नवलपरासीको सुस्ताको स्थलगत अध्ययन गरि सिमा अतिक्रमणलाई अन्तराष्ट्रियकरण गर्न लागिरहेकै सन्दर्भमा भएका पछिल्ला अतिक्रमणको विरुद्ध राष्ट्रिय तथा अन्तराष्ट्रिय जनमत निर्माण गर्ने मार्गमा क्रियासिल हुन हामी यसै वक्तव्य मार्फत आव्हान गर्दछौं । साथै विस्थापित नागरिकहरुलाई पर्नुस्थापित गर्न, नेपाली नागरिकहरुको पूर्ण सुरक्षँ गर्न, सुगौली सन्धी लगायत भारतसंग भएका सबै असमान सन्धीहरु खारेज गरी नयां नेपालको मर्ममा दुइ देशको बीचमा नयां सम्झौताहरु कायम गर्न मोर्चा नेपाल सरकार संग जोडदार माग गर्दछ। नयां नेपालको जनादेशलाई सम्मान गर्न र भारत सरकारले नेपालको सिमा र नेपाली माथीको अतिक्रमण र आक्रमण तत्काल रोक्न हामी भारत सरकारलाई आह्मन गर्दछौं । अन्यथा भारत सरकारको विस्तारवादी निती तथा मिचाहा प्रवृत्तिका विरुद्ध अन्तराष्ट्रिय स्तरमा संघर्षको उठान गर्ने चेतावनी दिन चाहन्छौं ।

नवीन सापकोटा
(अध्यक्ष)
संयुक्त नेपाली मोर्चा
युरोप
७ जुन २००९